# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ३) तिलोत्तमा, असोज महिना १६ गते २०७६ साल (संख्या ५


**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७६ सालको कार्यविधि नं. ५**

## कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६

**प्रस्तावना :**

देशमा उत्पादनशील युवाहरु वैदेशिक श्रम बजार तर्फ पलायन भइरहेको सन्दर्भमा तिलोत्तमा नगर क्षेत्रका युवाहरुमा भएको ज्ञान, सीप क्षमताको सदुपयोग गर्दै उद्यमशिलता, सिर्जनशिलता तथा सीपको विकास गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्नका साथै विदेशबाट फर्केका युवाहरुले आर्जन गरेका सीप तथा व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई आत्मनिर्भर एवं स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित तथा अल्पसंख्यक समुदायहरुको परम्परागत सीप र पेशालाई समयसापेक्ष आधुनिकीकरण तथा प्रबर्द्धन गर्दै उत्पादनको माध्यमबाट समृद्ध तिलोत्तमा निर्माणका लागि स्वरोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी तिलोत्तमा नगरकार्यपालिकाको ७२ औं बैठकले **तिलोत्तमा नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६** पारित गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम **"तिलोत्तमा नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६" हुने**छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"बेरोजगार व्यक्ति वा समूह"** भन्नाले तिलोत्तमा नगर क्षेत्रका आय आर्जन हुने कुनै पनि पेशा, व्यवसाय तथा काममा नियमित रुपमा संलग्न नभएको व्यक्तिलाई सम्झनु पर्छ ।

ख) **"लक्षित कार्यक्रम"** भन्नाले लक्षित व्यक्ति वा समूहको रोजगारी सिर्जना गरी आयआर्जन अभिवृद्धि गर्न सघाउ पुऱ्याउने व्यवसायिक कृषि, पशुपालन, घरेलु तथा साना उद्योग व्यवसाय संचालनको लागि गरिने कार्यक्रम सम्झनु पर्छ ।

ग) **"लक्षित"** भन्नाले लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० बर्ष सम्मका तिलोत्तमा नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिकलाई सम्झनु पर्छ ।

घ) **"उद्यम"** भन्नाले प्रचलित कानूनले निषेध गरे बाहेकका नाफा कमाउन तथा रोजगारी सिर्जना हुने नियमित आर्थिक क्रियाकलापलाई सम्झनु पर्छ ।

ङ) **"समूह"** भन्नाले कृषि, पशु, तथा कुटिर उद्योग संचालनका लागि प्रचलित कानून बमोजिम दर्ता भई अविछिन्न काम गर्दै आएका समूहलाई सम्झनु पर्छ ।

(च) **"सिफारिस समिति"** भन्नाले दफा ८ वमोजिजमको समितिलाई सम्झनु पर्छ ।

(छ) **"छनौट समिति"** भन्नाले दफा ९ वमोजिमको समितिलाई सम्झनु पर्छ ।

(ज) **"ऋणी"** भन्नाले कार्यक्रमबाट ऋण लिने १८ देखि ५० बर्ष उमेर समूह भित्रका व्यक्तिलाई सम्झनु पर्छ ।

(झ) **"ऋणी समूह"** भन्नाले आपसी सहमतिमा बढीमा ५ जना सम्मको सामूहिक लगानीमा उद्यम गर्न ऋण लिने समूहलाई सम्झनु पर्छ ।

(ञ) **"जमानी"** भन्नाले ऋणीले आफ्नो दायित्व पुरा नगरेमा आफू पूरा गर्छु भनी जिम्मा लिने व्यक्तिलाई सम्झनु पर्छ ।

(ट) **"दलित समुदाय"** भन्नाले नेपाल सरकारबाट सूचीकृत दलित जात जाती सम्झनु पर्दछ ।

(ठ) **"व्यवसाय वा उद्यम"** भन्नाले यस कार्यविधिको अनुसूची-४ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूँजी लगानी गरी गरिएको कार्य सम्झनु पर्छ ।

(ड) **"समूह"** भन्नाले फरक फरक परिवारका सदस्य मिलेर उद्यम संचालन गर्न गठन गरेको समूहलाई सम्झनु पर्छ ।

(ढ) **"वित्तीय संस्था"** भन्नाले स्वरोजगार कार्यक्रम संचालनको लागि ऋण लगानी तथा असुली लगायतको बैंकिग कार्यहरु गर्न तिलोत्तमा नगरपालिकाले छनौट गरी सम्झौता गरेको बैंक, बचत तथा ऋणको कारोबार गर्ने वित्तीय संस्थालाई सम्झनु पर्छ ।

(ण) **"सेवा प्रदायक संस्था"** भन्नाले छनौट भएका ऋणीहरुको प्रारम्भिक पहिचान गर्ने, व्यवसायीक शिप तथा व्यवस्थापकीय क्षमता विकास गर्ने, उद्यम संचालन तथा ऋण असूलीको नियमन गर्ने लगायत अन्य तोकिएका कार्यहरु गर्न तिलोत्तमा नगरपालिकासँग सम्झौता गरेको गैर सरकारी संस्थालाई सम्झनु पर्छ ।

(त) **"टोल विकास संस्था"** भन्नाले गाउँ नगर साझेदारी कार्यक्रमको अवधारणा अनुरुप स्थानीय स्तरमा उपलब्ध मानवीय तथा प्राकृतिक स्रोतसाधनको अधिकतम उपयोग गर्दै संस्कार, सभ्यता र समृद्धि उच्च पार्न सामाजिक परिचालन प्रकृयाबाट गठित तिलोत्तमा नगर नगरकार्यपालिकामा सूचीकृत एवं ऋण लगानीका लागि सम्बन्धित ऋणीलाई सामाजिक धितो प्रदान गर्न सिफारिस गर्ने सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

थ) "पशुपंक्षी" भन्नाले- गाई, भैसी, बाखा, कुखुरा, हाँस, लौकार, टर्की, अष्ट्रिज आदि सम्झनु पर्छ ।

**३.** **उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ,-

(क) लक्षित व्यक्ति वा समूहलाई व्यवसाय संचालनको लागि आवश्यक पर्ने सहुलियत ऋण प्रदान गर्ने ।

(ख) लक्षित व्यक्ति वा समूहको लागि स्वदेशमा रोजगारीका अवसरहरु सिर्जना गर्न सहयोग पुऱ्याउने ।

(ग) कृषिजन्य, पशुजन्य तथा स्थानीय स्रोत साधनमा आधारित घरेलु तथा कुटीर उद्योग उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

(घ) लक्षित व्यक्ति वा समूहको आय आर्जनमा टेवा पुऱ्याई परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

## परिच्छेद २
## कोषको व्यवस्था

४. यस कार्यक्रमको लागि देहायका श्रोतबाट कोषको व्यवस्था हुनेछ ।

(क) संघीय सरकार, प्रदेश सरकारबाट कोषका लागि प्राप्त अनुदान ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायवाट प्राप्त हुने रकम ।

(ग) विभिन्न वित्तीय संस्थाबाट प्राप्त अनुदान तथा ऋण रकम ।

(घ) सहकारी मार्फत कार्यक्रमलाई टेवा पुऱ्याउन संझौता बमोजिम प्राप्त रकम ।

(ङ) नगर सभाबाट कोषका लागि विनियोजित रकम ।

(च) कोष परिचालनबाट प्राप्त आम्दानी ।

(छ) नगरपालिकामा रहेको घुम्ती कोष (गाउँ नगर साझेदारी कार्यकम)

(ज) अन्य श्रोतबाट प्राप्त रकम ।

## परिच्छेद-३
## प्रस्ताव छनौट तथा कार्यान्वयन प्रक्रिया

**५. अनुसूची-४ बमोजिमका लगानीका क्षेत्रहरुमा ऋण प्रवाहका लागि देहायको प्रक्रिया अवलम्वन गरिने छ,-**

(क) कार्यालयले प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आह्वान गर्ने छ ।

(ख) प्रस्ताव पेश गर्न इच्छुक व्यक्ति वा समूहले वडाको सिफारिस साथै अन्य आवश्यक कागजात संलग्न राखी प्रस्ताव पेश गर्नु पर्नेछ ।

(ग) धितो राख्न नसक्ने ऋणीको प्रस्तावको हकमा निजले आफ्नो दायित्व पुरा नगरेमा आफू गर्छु भनी जिम्मा लिने जमानीको विवरण अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ ।

(घ) तोकिएको म्याद भित्र पेश भएका प्रस्ताव उपर सिफारिस समितिले अध्ययन गरी योग्य र उपयुक्त प्रस्तावलाई छनौट समितिमा पेश गर्नु पर्नेछ । सिफारिस गर्दा देहायको आधारमा मूल्यांकन गरेर सिफारिस गर्नु पर्नेछ,-

| | |
|---|---|
| अ. स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने | १५ अंक |
| आ. बजारको सरल पहुँच र सुनिश्चितता भएको | १० अंक |
| इ. थप रोजगारीको सिर्जना हुने | १० अंक |
| ई. लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने | ५ अंक |
| उ. जोखिम कम रहने उद्यम | ५ अंक |
| ऊ. पूर्व अनुभव तथा विशेष सिप भएको | ५ अंक |
| ए. कुल अंक | ५० अंक |

(ङ) सिफारिस समितिबाट सिफारिस भई आएका प्रस्तावहरु उपर छनौट समितिले अध्ययन गरी योग्य प्रस्तावलाई ऋण सहयोगको लागि अन्तिम निर्णय गर्नेछ ।

(च) छनौट समितिले गरेको निर्णयको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी सामाजिक विकास शाखाको हुनेछ र यस शाखाले छनौट समितिबाट लगानीका लागि योग्य उद्यमीहरुलाई व्यवसायको प्रकृति अनुसार नगरपालिका स्वयंबाट वा वित्तीय संस्थाबाट ऋण लिने प्रकृया अगाडी बढाउने छ ।

## परिच्छेद ४
## ऋण लगानी सीमा

६. **यस कोषवाट ऋण लगानी गर्दा देहाय वमोजिमको सीमा निर्धारण गरिने छ,-**

(क) एकल व्यवसायको लागि सामान्यतया रु. २ लाख ।

(ख) २ वा सो भन्दा बढी मिलेर उद्यम गर्नको लागि अधिकतम रु. २५ लाख ।

(ग) यस कार्यविधि बमोजिम लगानी गरिएको ऋणको असुली अवधी साधारणतया बढीमा एक वर्षको रहने छ । तर व्यवसायको प्रकृति अनुसार कुनै व्यवसायको ऋण असुली तीन वर्ष भन्दा बढी बनाउन सिफारिस समिति र छनौट समितिलाई उचित लागेमा यो बुँदाले बाधा पारेको मानिने छैन ।

(घ) एक पटक ऋण लिइ सकेका व्यक्ति तथा समूहले सो ऋणको पूर्ण असुली नहुँदा सम्म अर्को प्रस्ताव पेश गर्न पाउने छैनन् ।

(ङ) स्वीकृत प्रस्तावमा उल्लेख भए बमोजिमको भन्दा भिन्न प्रकृतिको उद्यममा ऋण लगानी गर्न पाइने छैन ।

च) वित्तीय संस्था मार्फत संचालन हुने उद्यमीको हकमा लगानी ऋणको ब्याज दर, ऋण लगानीका क्षेत्रहरु, ब्याज फिर्ता, ब्याज मिनहा, जमानी वा धितो र बीमा लगायतका विषयको प्रष्टताको लागि नगरपालिका र वित्तीय संस्थाबीच कार्यक्रम संचालन पूर्व नै सम्झौता हुनु पर्नेछ ।

## परिच्छेद ५
## कर्जाका लागि योग्यता तथा शर्त सम्बन्धी व्यवस्था

७. **योग्यता तथा शर्त** :

(१) यस कार्यविधिको अनुसूची ४ बमोजिमका क्षेत्रमा ऋण प्राप्त गर्न स्थायी लेखा नम्बर प्रमाण पत्र लिएको,

(२) तिलोत्तमा नगर कार्यपालिकाको कार्यालयबाट व्यवसाय दर्ता प्रमाण पत्र प्राप्त गरेको,

(३) तिलोत्तमा नगरपालिका क्षेत्र भित्रका बैंकहरुको कालोसूचीमा नपरेको स्वःघोषणा, ति.न.पा. भित्र स्थायी बसोबास गरिरहेका देहाय बमोजिमको न्यूनतम योग्यता एवं शर्त पूरा गरेको हुनु पर्नेछ,-

**(क) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा**

(१) व्यक्तिको हकमा १८ वर्ष उमेर पूरा भएको,

(२) अनुसुची २ बमोजिम जमानी सम्बन्धी कागजात अनिवार्य रुपमा पेश गरेको,

(३) अनुसुची ३ बमोजिम उद्यम संचालन तथा ऋण उपयोग सम्बन्धी प्रस्ताव

**(ख) घरेलु तथा साना कुटिर उद्योग कर्जा**

(१) व्यक्तिको हकमा १८ वर्ष उमेर पुरा भएको,

(२) अनुसुची २ बमोजिम जमानी सम्बन्धी कागजात अनिवार्य रुपमा पेश गरेको,

(३) अनुसूची ३ बमोजिम उद्यम संचालन तथा ऋण उपयोग सम्बन्धी प्रस्ताव,

(४) मान्यता प्राप्त संस्थाबाट प्राप्त घरेलु तथा साना कुटिर उद्योग संचालन सम्बन्धी प्रमाणपत्र,

**(ग) महिला उद्यमशीलता कर्जा**

(१) व्यक्तिको हकमा १८ वर्ष उमेर पूरा भएको,

(२) अनुसूची २ बमोजिम जमानी सम्बन्धी कागजात अनिवार्य रुपमा पेश गरेको,

(३) अनुसूची ३ बमोजिम उद्यम संचालन तथा ऋण उपयोग सम्बन्धी प्रस्ताव

(४) मान्यता प्राप्त संस्थाबाट प्राप्त घरेलु तथा साना कुटिर उद्योग संचालन सम्बन्धी प्रमाणपत्र

**(घ) दलित तथा अल्पसंख्यक समुदाय व्यवसाय विकास कर्जा**

(१) व्यक्तिको हकमा १८ वर्ष उमेर पूरा भएको,

(२) अनुसूची २ बमोजिम जमानी सम्बन्धी कागजात अनिवार्य रुपमा पेश गरेको,

(३) अनुसूची ३ बमाजिम उद्यम संचालन तथा ऋण उपयोग सम्बन्धी प्रस्ताव,

(४) दलित तथा अल्पसंख्यक समुदाय भित्र परेको सिफारिस,

(५) दलित तथा अल्पसंख्यक समुदायले संचालन गर्दै आएको परम्परागत पेशामा आधारित व्यवसाय हुनु पर्ने ।

(४) यस कार्यविधि बमोजिम प्रदान हुने ऋण सम्बन्धित उद्यमीले कुनै एक प्रकारको उद्यम संचालनका लागि मात्र उपलब्ध हुनेछ ।

(५) यस कार्यविधि बमोजिम ऋण लिने निवेदकले नेपाल सरकार वा प्रदेश सरकारको सहुलियत ऋण अनुदान प्रदान गर्ने प्रकृतिका अन्य कुनै पनि ऋण लिएको हुनु हुँदैन ।

## परिच्छेद ६
## सिफारिस समिति र छनौट समितिको गठन तथा काम कर्तव्य र अधिकार

८. **सिफारिस समितिको छनौट :**

(१) सिफारिस समितिको छनौट देहाय वमोजिम हुनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत, संयोजक

(ख) कृषि / पशु शाखा प्रमुख, सदस्य

(ग) सामाजिक विकास शाखा प्रमुख, सदस्य सचिव

(२) दफा (२) मा जे सुकै उल्लेख गरेको भएता पनि आवश्यकता अनुसार रोजगार संयोजक, अन्य शाखा प्रमुख वा सम्बन्धित वडा सचिव वा विज्ञलाई बैठकमा अमन्त्रित सदस्यको रुपमा बोलाउन बाधा पर्ने छैन ।

**(३) सिफारिस समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ,-**

क. सामाजिक शाखाले तयार गरेको रितपूर्वक पेश भएका प्रस्तावहरु उपर दफा ५ घ बमोजिम मूल्यांकन गर्ने र उपयुक्त ठहरिएका प्रस्तावहरुको सूचि तयार गर्ने ।

ख. उपयुक्त प्रस्तावहरुलाई ऋण लगानी गर्न छनौट समितिमा सिफारिस गर्ने निर्णय गर्ने ।

ग. लगानी भएका उद्यमहरुको नियमित अनुगमन गर्ने ।

घ. ऋण असुली हुन नसकेका उद्यमीहरुको लागि असुल उपर सम्बन्धी कार्वाहीको लागि छनौट समितिलाई प्रतिवेदन गर्ने ।

ङ स्वरोजगार कार्यक्रम संचालन प्रभावकारी बनाउन छनौट समितिलाई नीतिगत पृष्ठपोषण गर्ने ।

च. छनौट समिति र नगर कार्यपालिकाका निर्देशनहरु कार्यान्वयनमा ल्याउने ।

छ. अन्य तोकिएको कामहरु गर्ने ।

ज बैठकका उपस्थित हुने पदाधिकारीहरुलाई नगरपालिकाको नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ ।

**९. <u>छनौट समितिको गठन</u> :**

(१) छनौट समिति देहाय अनुसार गठन हुनेछ,-

| | | |
|---|---|---|
| क. नगर प्रमुख | | अध्यक्ष |
| ख. उप प्रमुख | | सदस्य |
| ग. नगरप्रमुखले तोकेको कार्यपालिकाको महिला सदस्य एक जना | | सदस्य |
| घ. नगरप्रमुखले तोकेको कार्यपालिकाको दलित सदस्य एक जना | | सदस्य |
| ङ. परिच्छेद १ को बुँदा नं. २ ढ बमोजिमको वित्तीय संस्थाको प्रमुख एक जना | | सदस्य |
| च. न.पा भित्र बचत तथा ऋण वा सामाजिक परिचालनमा क्रियाशिल गैर सरकारी संस्था वा सहकारीहरु मध्ये | प्रमुख एकजना | सदस्य |
| छ. नगरप्रमुखले तोकेको संस्थाको | प्रमुख एकजना | सदस्य |
| ज. आर्थिक विकास | शाखा प्रमुख | सदस्य |
| झ. प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव |

**स्पष्टीकरण** : समितिले आवश्यक ठानेमा सम्बन्धित क्षेत्रको विज्ञलाई बैठकमा आमन्त्रित सदस्यको रुपमा बोलाउन बाधा पर्ने छैन ।

(२) यस छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

क. सिफारिस समितिले पेश गरेको प्रस्तावहरु दफा ५ घ बमोजिम मूल्यांकन भए नभएको यकिन गर्ने र उपयुक्त लागेका प्रस्तावहरुको सूची तयार गर्ने ।

ख. सूची बमोजिम उपयुक्त प्रस्तावहरुलाई ऋण लगानी गर्न कोषमा पर्याप्त रकम भए नभएको सुनिश्चित गर्ने ।

ग. ऋण लगानी गर्न योग्य प्रस्तावको सम्बन्धमा निर्णय गरी कार्यान्वयनका लागि सम्बन्धित शाखालाई निर्देशन गर्ने ।

घ. लगानी भएका उद्यमहरुको नियमित सुपरिवेक्षण गर्ने ।

ङ. ऋण असुली हुन नसकेका उद्यमीहरुको लागि असुल उपर सम्बन्धी कार्वाहीको लागि सचिवालयलाई निर्देशन दिने ।

च. स्वरोजगार कार्यक्रमको लागि आवश्यक कोष बढाउन बाह्य निकायहरु बिच समन्वय र सहकार्यका निम्ति नगर कार्यपालिकालाई नीतिगत सुझाव दिने तथा पृष्ठपोषण गर्ने ।

छ. नगर कार्यपालिकाका निर्देशनहरु कार्यान्वयनमा ल्याउने ।

ज. कोषबाट सम्पादन हुने वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्ने ।

झ अन्य तोकिएको काम गर्ने ।

(३) बैठकमा उपस्थित हुने पदाधिकारीहरुलाई नगरपालिकाको नियमानुसार बैठक भत्ता उपलब्ध गराउन वाधा पर्ने छैन ।

## परिच्छेद ७
## कोषको लेखा परीक्षण

**१० कोषको लेखापरीक्षण देहाय बमोजिम हुनेछ,-**

(क) कोषको लेखा परीक्षण नगर कार्यपालिकाका अन्य कोष वा कार्यक्रम सरह हुनेछ ।

(ख) कोषमा दातृ निकायबाट प्राप्त रकमको सम्बन्धमा लेखा परीक्षणको प्रतिवेदन सम्बन्धित दातृ निकायमा र समग्र प्रतिवेदन नगर सभामा पेश गर्नु पर्नेछ ।

(ग) प्रतिवेदन उपर औल्याइएका विषयहरुको परिपालना गर्ने जिम्मेवारी नगर कार्यपालिका, छनौट समिति, सिफारिस समितिको हुनेछ ।

## परिच्छेद ८
## असुली प्रक्रिया

**११. ऋण असुलीका लागि देहायका विधिहरु अवलम्बन गरिनेछ ,-**

(क) छनौट भएका उद्यमीलाई सम्झौता बमोजिम १ वर्ष देखि ३ वर्ष सम्मको ऋण दिइने छ । ऋण असुलीको लागि उद्यमको प्रकृति हेरेर ऋण असुली तालिका बनाइनेछ ।

(ख) बैंक तथा बित्तीय संस्थाबाट लिएको ऋणको हकमा तोकिएको समय भित्र किस्ता नबुझाउने ऋणीबाट ऋण असुली बैंकसँग गरिएको सम्झौता बमोजिम हुनेछ ।

(ग) नगरपालिकाबाट लिएको ऋणको हकमा तोकिएको समय भित्र किस्ता नबुझाउने ऋणीबाट ऋण असुली नगरपालिकाको कानून बमोजिम हुनेछ ।

(घ) विशेष परिस्थितिका ऋणीहरुको ब्याज, हर्जाना र अन्य शुल्कको असुली प्रचलित मिनहाका सम्बन्धमा नगरसभामा अनुमोदन वा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(ङ) वित्तीय संस्थाको तर्फबाट नियमित रुपमा गरिने कार्यका अतिरिक्त सो ऋण असुलीमा आवश्यक मौखिक स्मरण गराउने, पत्राचार गर्ने, तोकेता गर्ने लगायतका कार्यमा सम्बन्धित टोल विकास संस्था, सचिवालय, सम्बन्धित वडा कार्यालय, सेवा प्रदायक संस्था र तिलोत्तमा नगर कार्यपालिकाको पनि जिम्मेवारी हुनेछ ।

(च) वित्तीय संस्था मार्फत ऋण लिएको उद्यमीले ऋण असुली तालिका बमोजिम साँवा तथा ब्याज भुक्तान गर्दै गएमा ऋणीले तिरेको ब्याज बराबरको रकम मात्र ऋणीको तर्फबाट नगरपालिकाले व्यहोरी ऋणीलाई सहुलियत दिनेछ ।

## परिच्छेद ९
## विविध

१२. **सहयोग गर्नुपर्ने :** यस कार्यविधि बमोजिम संचालित कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१३. **कार्यविधिको पालना :** यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा नगरपालिका र नगरपालिकाको निर्देशन सम्बद्ध सबैले पालना गर्नु पर्नेछ ।

१४. **कार्यविधिको संशोधन गर्न सकिने :** नगरकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

१५. **बाधा अड्काउ फुकाउने :** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा नगरकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**अनुसूची १**
**(परिच्छेद ३ को दफा ५ सँग सम्बन्धित)**
**प्रस्ताव पेशको लागि दिइने निवेदनको ढाँचा**

श्री संयोजकज्यू,
सिफारिस समिति,
स्वरोजगार कार्यक्रम
तिलोत्तमा नगरपालकि नगरकार्यपालिकाको कार्यालय, मणिग्राम रुपन्देही ।

**विषय :स्वरोजगारीका लागि उद्यम संचालन गर्न प्रस्ताव पेश गरेको बारे**

**महोदय**

प्रस्तुत विषयमा म/हामी तपसिलका व्यक्तिले...................... ..................को............ ......................... पालिका वडा नं.................... स्थित ...................... टोलमा................. .........................(उद्यम/व्यवसायको नामको) संचालन गरी स्वरोजगार बन्नका निम्ति तिलोत्तमा नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६ का शर्तहरु पालना गर्न तयार भई तपसिलको विवरण सहितको कागजात संलग्न गरी यो निवेदन पेश गरको छु/छौं ।

| **निवेदकको** | **१** | **२** | **३** | **४** |
|---|---|---|---|---|
| नाथ थर : | | | | |
| स्थायी ठेगाना : | | | | |
| दस्तखत : | | | | |
| कागजात : | | | | |

संलग्न कागजात :

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
ख. ति.न.पा.को स्थायी बासिन्दा खुल्ने प्रमाण (नागरिकतामा अन्यत्र स्थान उल्लेख भएकाका लागि मात्र)
ग. सम्बन्धित वडा कार्यालयबाट बेराजगारी हो भनी ऋण लगानीको लागि गरिएको सिफारिस
घ. जमानी बस्नेको कागज (अनुसूची २ बमोजिम)
ङ संचालन गरिने उद्यमको प्रस्ताव (अनुसूची ३ बमोजिम)
च) टोल विकास संस्थाको सिफारिस

**अनुसूची २**
**(परिच्छेद ५ को दफा ७ सँग सम्बन्धित)**
**जमानी बस्नेको कागजको ढाँचा**

लिखितम् हामी/म तपसिलका मानिसहरु आगे ............................................. को नाती/नातिनी....................................को छोरा/छोरी .......................... को पत्नी/बुहारी ........................ जिल्ला.................................गा.पा. /न.पा. वडा नं. .........टोल ............................ घर भै हाल ................................ जिल्ला .............. गा.पा. /न.पा. वडा नं. .............बस्ने वर्ष .............को श्री.................................................................ले तिलोत्तमा नगरपालिकाद्वारा संचालित स्वरोजगार कार्यक्रमबाट ऋण लिनका लागि हामी/म तपसिलका मानिसहरुलाई जमानी बसी दिन अनुरोध गर्नु भएकोमा निजको कुरा हामीलाई चित्त बुझ्यो । निजलाई हामी/म राम्रो सँग चिन्छु/चिन्दछौं । साथै हामी/म निजले यस नगरपालिकासंग स्वरोजगार कार्यक्रम अन्तरगत लिएको ऋण रकमको लागि निजको जमानी हुन तयार छु/छौं । निज ऋणीले यस नगरपालिकासंग लिएको ऋण रकम निजले नतिरे नबुझाएमा सो को दायित्व बहन गर्न मन्जुर छु/छौं । नतिरे नबुझाएमा मेरो/हाम्रो खाताबाट वा घर घरानाबाट असुल उपर गरी लिएमा समेत मन्जुर छु/छौ भनी बांया किनाराका साक्षीहरुको रोहबरमा यस तिलोत्तमा नगरपालिका वडा नं. .................. को वडा समितिको कार्यालय............................................ बसी यो जमानी भएको कागज लेखी सही छाप गरी तिलोत्तमा नगरपालिका स्वरोजगार कार्यक्रमलाई दियौं/दिए ।

**तपसिल**

............................................. को नाती/नातिनी.................................. .......................................को छोरा/छोरी .................................... को पत्नी/बुहारी जिल्ला ............................ ............................गा.पा. /न.पा. वडा नं. ............. टोल ...................................... ..........................घर भै हाल ................................................... जिल्ला.................. गा.पा. /न.पा.

वडा नं. ............. टोल ............................................... बस्ने वर्ष .............
को श्री....................................................................................................१

, ................................................................................ को नाती/नातिनी

............................................ को छोरा/छोरी .........................................

को पत्नी/बुहारी .....................जिल्ला ........................... ...............

गा.पा./न.पा. वडा नं. ................ ........टोल.......... .....................घर भै

हाल.................................... जिल्ला.................. गा.पा./न.पा. वडा
नं...............टोल....................................बस्ने वर्ष...........को
श्री.........................................................................................१

**इति सम्बत् .............साल ............ महिना ........... गते ........ रोज .... शुभम्**

**अनुसूची ३**
**(परिच्छेद ५ को दफा ७ उपदफा १ सँग सम्बन्धित)**
**उद्यमको प्रस्ताव**

१. **उद्यमको नाम :**..........................................................................
उद्यम संचालन गरिने ठेगाना :......................................................
न.पा. / गाउँपालिका वडा
उद्यम सम्बन्धी पूर्व अनुभव भएको
तालिम प्राप्त / अप्राप्त .............................................

२. **उद्यम :**
नयाँ :
चालु (थप लगानी वा परिस्कृत) :
उद्यमको प्रकृति :
उत्पादनमुलक :
प्रसोधन (Valu Added)
सेवामूलक :
व्यापारजन्य :
अन्य
उत्पादित बस्तु वा सेवाको बजार :
कच्चापदार्थ : स्थानीय वा बाह्य
श्रम : स्थानीय वा बाह्य

३. **लागत**

**क. स्थिर पूँजी**

i. मेशिन रु .................................
ii. घर रु .................................
iii. जग्गा रु .....................................
iv. अन्य रु .................................

**ख. चालू पूँजी**

i. कच्चा पदार्थ रु .................................
ii. ज्याला रु .................................
iii. बिजुली पानी रु .....................................

iv. मर्मत संभार रु ................................

v. तलब रु ................................

**ग. कुल पूँजी:**

कुल चालु पूँजी + कुल स्थीर पूजी : रु .....................................

४. **पूँजीको श्रोत:**

क. स्वलगानी : रु .....................................

ख. ऋण सुबिधा : रु .....................................

५ **उत्पादन (वार्षिक)**

| क.सं. | उत्पादित बस्तु/सेवाको विवरण | इकाइ | जम्मा मुल्य |
|---|---|---|---|
| | | | |
| | जम्मा उत्पादन लागत | | |

६. **वार्षिक विकी**

| क.सं. | बिकी हुने बस्तु/सेवाको विवरण | इकाइ | दर | जम्मा | मुल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | जम्मा बिकी मुल्य | | | | |

७. **चल खर्च :**

(क) कच्चा पदार्थ :

| क.सं. | कच्चा पदार्थको विवरण | इकाइ | दर | जम्मा | मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | जम्मा कच्चापदार्थ | | | | |

(ख) ज्याला :

| क.सं. | ज्यालाको विवरण | इकाइ | दर | जम्मा | मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |

जम्मा ज्याला

(ग) बिद्युत, पानी तथा इन्धन रु ...................................

(घ) मर्मत सम्भार रु ....................................

(ङ) अन्य रु ...............................

कुल वार्षिक चालु खर्च रु ...............................

ग. कुल मुनाफा :

वार्षिक विकी - वार्षिक चालु खर्च

घ. स्थीर खर्च :

i. तलब रु ................................

ii. घर भाडा रु ................................

iii. बिबिध ह्रासकट्टी रु ....................................

iv. ब्याज रु ................................

जम्मा स्थीर खर्च रु

(ङ) खुद मुनाफा :

कुल मुनाफा - जम्मा स्थीर खर्च

(च) जम्मा वार्षिक उत्पादन खर्च : कुल चालु खर्च +कूल स्थीर खर्च

कार्यालय प्रयोजनको लागि मात्र :

क. जम्मा वार्षिक उत्पादन खर्च/विकी : ................. %

ख. मुनाफा/बिकी ..................%

ग. पी.भी अनुपात(कुल मुनाफा/बिकी) .................... %

घ. ब्रेक इभन बिन्दु मुल्यमा रु.................

ङ ब्रेक इभन बिन्दु प्रतिशतमा ...................... %

च. मूल्य अभिबृद्धि : जम्मा बिकी-जम्मा चालु खर्च रु

जम्मा बिकी

**अनुसूची ४**
**(परिच्छेद ३ र परिच्छेद ५ को ७(१) सँग सम्बन्धित)**
**ऋण लगानीका क्षेत्रहरु**

**(क) व्यवसायिक कृषि तथा पशुपन्छी ऋण लगानीका क्षेत्रहरु :**

१) तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा विक्री वितरण,
२) विउ विजन उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
३) बनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा बागवानी,
४) पशुपन्छीपालन, अष्ट्रिच, टर्की, हांस पालन र सोको मासु भण्डारण, प्रसोधन तथा बिक्री विवरण,
५) फलफुल उत्पादन, प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
६) मत्स्यपालन, भण्डारण तथा विक्री वितरण,
७) च्याउ उत्पादन, प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
८) पशबधस्थल/बधशाला, मासुजन्य उत्पादन, सो को प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
९) दुग्ध उत्पादन, प्रसोधन तथा बिक्री वितरण,
१०) जडिबुटी तथा गैरकाष्ठ बनपैदावर उत्पादन, प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
११) उखु, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, लोक्ता, अल्लो, खेती तथा यिनीहरुको उत्पादन, प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
१२) पुष्प व्यवसाय,
१३) मौरी पालन व्यवसाय
१४) जौ, फापर, सिलाम उत्पादन, प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
१५) प्राङगारीक तथा जैविक मल उत्पादन तथा बिक्री वितरण,
१६) कपास, उन, रेसम खेती/उत्पादन, प्रसोधन तथा बिक्री वितरण,
१७) नेपाल सरकार, प्रदेश सरकार र तिलोत्तमा नगरपालिकाले समय समयमा थप गरेका अन्य व्यवसायिक कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु,

**(ख) घरेलु तथा साना कुटिर उद्योगको लागि ऋण लगानीका क्षेत्रहरु**

१. हाते तथा खुट्टे तान,
२. अर्धस्वचालित तान,
३. सिलाई, बुनाइ, उनी पोशाक सम्बन्धी कार्य, नगरक्षेत्रभित्र पोषाक निर्माण कार्य,
४. सिकर्मी कार्य,
५. काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य,
६. बेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य,
७. हाते कागज उत्पादन,
८. सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य,
९. गहना तथा मुर्ति बनाउने कार्य,
१०. सेरामिक्स वा कुमालेको पेशागत कार्य,
११. छाला सम्बन्धी पेशागत कार्य,
११. चित्रकला, कागज तथा स्थानीय स्रोत साधनमा आधारित कार्य, र
१२. प्रचलित औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाषित गरेका सम्पूर्ण उद्योगहरु ।

**(ग) दलित तथा अल्पसंख्यक समुदायबाट संचालन हुने व्यवसायको ऋण लगानीका क्षेत्रहरु**

१. परम्परागत रुपमा बजाउने बाजा निर्माण, खरीद तथा बिक्री कार्य,
२. सिलाइ कटाई, सो को तालिम संचालन, सिलाई कटाई मेसिन खरिद कार्य,
३. परम्परागत आय आर्जनका पेशाहरु,४. फलाम, कोइला आदि वस्तु खरीद बिक्री गर्न, आरन बनाउन चाहिने सामग्री खरिद तथा निर्माण, आरनको लागि यन्त्रशाला निर्माण कार्य,
५. जुत्ता बनाउन चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता चप्पल, ब्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवं प्रशोधन र उत्पादित वस्तुहरु बिक्री वितरण कार्य,
६. परम्परागत रुपमा संचालन गरिदै आएको काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य,
७. बेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य,
८. परम्पागत सुन, चाँदी, तामा पित्तलका गहना एवं भांडाकुडा बनाउने पसल तथा सोसँग सम्बन्धित कालिगढ सेवा प्रदान गर्ने कार्य,

९. सरसफाई पेशाको लागि चाहिने सामानहरु खरीद गर्ने कार्य,

१०. आफ्नो पुर्ख्यौली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरीद, बस्तु तथा सेवा विक्री, व्यवसायको लागि सामुहिक यन्त्रशाला निर्माण कार्य

११. नेपाल सरकार, प्रदेश सरकार तथा तिलोत्तमा नगरपालिकाले समय समयमा तोकेका अन्य पेशाहरु

**(घ) महिला उद्यमशीलताका लगानीका क्षेत्रहरु :**

१ यसै अनुसूची अन्तरगत क, ख र ग मा उल्लेख भई महिला उद्यमीबाट संचालन भएका सबै व्यवसाय वा पेशाहरु ।

२. नेपाल सरकार, प्रदेश सरकार तथा तिलोत्तमा नगरपालिकाले समय समयमा तोकेका अन्य पेशाहरु ।

आज्ञाले

प्रमाणीकरण मितिः २०७६/०६/१६

(कृष्णप्रसाद सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत